बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,काभ्रेपलाञ्चोक

धुलिखेल, काभ्रेपलाञ्चोक

फोन नं: ०११-४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

## आवेदन/ प्रस्ताव आव्हान सम्वन्धि सूचना

सूचना नं. ११/०८०/८१

सूचना प्रकाशित मिति: २०८०/०८/२२

कृषि ज्ञान केन्द्र, काभ्रेको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न यस केन्द्रको कार्यक्षेत्र (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक जिल्ला) भित्रका इच्छुक योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (मिति २०८०/०९/२२ ) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि ज्ञान केन्द्र, धुलिखेल वा केन्द्रको सम्पर्क कार्यालय चौतारा सिन्धुपाल्चोकमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। अनलाइन मार्फत आवेदन दर्ता गर्न इच्छुक आवेदकहरुले कार्यालयको वेभसाइट https://www.kavre.akc.gov.np/ को **आयोजना/कार्यक्रम माग आवेदन फारम** (आयोजना / कार्यक्रम माग आवेदन फारम) भित्र गइ **प्रस्ताव पेश गर्नको लागि उपलब्ध रहेका कार्यक्रमहरु** मध्ये आवेदन दिन चाहेको कार्यक्रमको **+आवेदन फारम भर्नुहोस** लाई क्लिक गरि निर्दिष्ट कागजात/जानकारीहरु पुर्ण रुपमा अपलोड/प्रविष्ट गरी आवेदन पेश गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल:

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु लाखमा | आवेदन दिन सकिने क्षेत्रहरु | आवश्यक कागजातहरु | योग्य आवेदकहरु |
|---|---|---|---|---|---|---|---|
| १ | उच्च प्रबिधियुक्त संरचनामा तरकारी खेति प्रवर्धन कार्यक्रम | रोपनी | ४५ | ३१५ | • उच्च प्रविधियुक्त संरचना अन्तर्गत जि.आई पाइपको प्लाष्टिक घर,<br>• UV प्लाष्टिक फलामको प्लाष्टिक घर,<br>• नेचुरल्ली भेन्टिलेटेड ग्रीनहाउस (पोलिहाउस)<br>• बाँसको प्लाष्टिक घर पर्दछ । | १. रु. १०/- को टिकट टाँस गरी प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को अनुसूची-२ बमोजिमको आवेदन, अनुसूची-३ बमोजिमको प्रस्ताव र अनुसूची-४ बमोजिमको प्रतिबद्दता पत्र<br>२. आवेदक संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र पछिल्लो आ.व.को करचुक्ता प्रमाण पत्रको छाँयाकपी<br>३. समूह/सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि<br>४. संरक्षित संरचना निर्माण गर्ने जग्गाको लालपुर्जा वा करार सम्झौताको छाँयाकपी<br>५. संरचना निर्माणको हकमा इजातप पत्र प्राप्त निर्माण प्रविधिकले तयार गरेको डिजाइन र लागत अनुमान (स्विकृत स्पेशिफिकेशनको आधारमा) | कृषक समुह, कृषि सहकारी, कृषि फर्म |

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख

फोन नं: ०११-४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,काभ्रेपलाञ्चोक

धुलिखेल, काभ्रेपलाञ्चोक

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु लाखमा | आवेदन दिन सकिने क्षेत्रहरु | आवश्यक कागजातहरु | योग्य आवेदकहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ६. सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र<br>७. अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि | |
| २ | खाद्य प्रणाली रुपान्तरणका लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | संख्या | ३० | ३० | | १. रु. १०/- को टिकट टाँस गरी खाद्य प्रणाली रुपान्तरणका लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० को अनुसुची-१ बमोजिमको कार्यक्रम संचालनका लागि अनुसूची-३ बमोजिमको आवेदन फारम र अनुसूची-४ बमोजिमको प्रतिबद्दता पत्र<br>२. व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि तथा स्थायी लेखा नम्वर (PAN)<br>३. आवेदक संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र पछिल्लो आ.व.को करचुक्ता प्रमाण पत्रको छाँयाकपी<br>४. समूह/सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि<br>५. अल्पसंख्यक/सिमान्तकृत/दलित/पिछडिएका जाती खुल्ने परिचयपत्रको प्रतिलिपि वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय/स्थानीय तह/वडाको सिफारिस<br>६. निवेदक पुर्ण वा आशिंक रुपमा कृषि पेशामा आवद्द भएको भनि सम्बन्धित स्थानीय तहको आधिकारीक सिफारिस पत्र<br>७. अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि | आर्थिक हिसावले विपन्न एवं अल्पसंख्यक /सिमान्तकृत /दलित/ पिछडिएका जातीहरु एंवम उनिहरुबाट गठित कृषक समूह/कृषि सहकारी/ कृषि तथा पशुपन्छी फर्म |
| ३ | न्युनतम समर्थन मुल्य (Minimum Support Price) कार्यान्वयन कार्यक्रम | पटक | १ | १० | | १. रु. १०/- को टिकट टाँस गरी न्युनतम समर्थन मुल्य कार्यान्वयन कार्यविधि २०७९ को अनुसूची-२ अनुसारको आवेदन (उत्पादकको हकमा) तथा अनुसुची ३ अनुसारको | कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, |

कुल प्रसाद पंताडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

फोन नं: ०११-४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र,काभ्रेपलाञ्चोक
धुलिखेल, काभ्रेपलाञ्चोक

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु लाखमा | आवेदन दिन सकिने क्षेत्रहरु | आवश्यक कागजातहरु | योग्य आवेदकहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आवेदन (खरिदकर्ताको हकमा)<br>२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण प्रमाण पत्र<br>३. आवेदक संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र पछिल्लो आ.व.को करचुक्ता प्रमाण पत्रको छौँयाकपी<br>४. संस्थाको हकमा लेखा परिक्षणको प्रमाणित प्रतिलिपि<br>५. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समुह सहकारीको हकमा)<br>६. सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र<br>७. अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि | कृषि कम्पनी, उत्पादनमुक सहकारी |

पुनश्च:

- "प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०", "खाद्य प्रणाली रुपान्तरणका लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" तथा "न्युनतम समर्थन मुल्य कार्यान्वयन कार्यविधि २०७९" कृषि ज्ञान केन्द्र, काभ्रेपलान्चोकको वेभसाइट https://www.kavre.akc.gov.np/ बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।
- "उच्च प्रविधियुक्त संरचनामा तरकारी खेति प्रवर्दन कार्यक्रम अन्तरगत संरचना निर्माणको लागि संरचनाको न्युनतम क्षेत्रफल १८० वर्ग मिटर हुनुपर्ने छ साथै संरचना निर्माणको लागि आवश्यक स्विकृत स्पेशिफिकेशन कार्यालयको वेभसाइटबाट डाउनलोड गर्न सकिनेछ। कार्यालयले उपलव्ध गराउने अधिकतम साझेदार रकम प्रति वर्ग मिटर जि.आइ. पाइपको प्लाष्टिक घरका लागि रु. २०००/- फलामको पाइपको प्लाष्टिक घरका लागि रु. १२००/- नेचुरल्ली भेण्टिलेटेड ग्रिन हाउस (पोलि हाउस) का लागि रु. २३८०/- तथा बाँसको प्लाष्टिक घरका लागि रु ३४०/- हुनेछ।
- अनलाइन मार्फत फर्म भर्ने आवेदकहरुले उल्लेखित सम्पुर्ण कागजातहरुको सक्कल/प्रमाणित प्रति फिल्ड भेरिफिकेशनको क्रममा अनिवार्य देखाउनुपर्ने छ। अन्यथा आवेदन छनौटका लागि मुल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन साथै इमेल बाट प्राप्त आवेदनहरुलाइ मुल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं